नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं ४५०

मिति:२०८३/०२/११
ने.सं. ११४६

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः कन्सुलर सेवा अनलाईन प्रणालीको प्रयोग सम्वन्धमा ।

प्रस्तुत विषयमा परराष्ट्र मन्त्रालयको प.सं.२०८२/८३ च.नं.FSO/१०३७३ मिति २०८३/०२/०६ को पत्रमार्फत कन्सुलर सेवा विभागले विदेशमा रहेका नेपाली नागरिकहरु तथा उनीहरुका परिवारजनलाई सूचना प्रविधिको प्रयोगमार्फत छिटो, सहज तथा प्रभावकारी रुपमा सेवा उपलव्ध गराउने उद्देश्यले सञ्चालनमा ल्याएको **कन्सुलर तथा कानूनी परामर्श अनलाइन प्रणालीलाई** पूर्ण रुपमा उपयोग गरी सेवा प्रवाहलाई जवाफदेही उत्तरदायी र नागरिकमैत्री बनाउन सवै गाउँपालिका/नगरपालिका उक्त प्रणालीमा आवद्ध भई प्रणालीको उच्चतम उपयोगको सुनिश्चिततताको लागि अनुरोध गरिआएको हुँदा उक्त पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थ:
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन।

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
**परराष्ट्र मन्त्रालय**
काठमाण्डौ नेपाल

**सचिव**

प.सं.:२०८२।८३
च.नं.: F50/90362

मिति: २०८३।०२।०६
ने.सं. ११४६ अनलाथ्व ४, बुधवार

प्रिय सहकारीज्यू,

**विषय: कन्सुलर सेवा अनलाइन प्रणालीको प्रयोग सम्बन्धमा।**

हाल ठूलो संख्यामा नेपाली नागरिकहरू वैदेशिक रोजगारी, अध्ययन, व्यवसाय तथा अन्य प्रयोजनले विदेशमा रहँदै आएको सन्दर्भमा विदेशमा अलपत्र पर्ने, विभिन्न समस्यामा पर्ने, जेल पर्ने, घाइते हुने तथा मृत्यु हुने घटनाहरू उल्लेखनीय रूपमा बढ्दै गएका छन्। यस्तो अवस्थामा परेका नागरिकहरू तथा उनीहरूका परिवारजनलाई सूचना प्रविधिको प्रयोगमार्फत छिटो, सहज तथा प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले कन्सुलर सेवा विभागले **कन्सुलर तथा कानूनी परामर्श अनलाइन प्रणाली** सञ्चालनमा ल्याएको छ।

सन् २०१७ देखि सञ्चालनमा रहेको उक्त प्रणालीमार्फत विदेशमा रहेका नेपाली नागरिकहरूको खोजतलास तथा उद्धार, शव व्यवस्थापन, क्षतिपूर्ति तथा बीमा दाबी, साथै गुनासो तथा समस्या समाधान लगायतका कन्सुलर सेवाहरू प्रदान गरिँदै आएका छन्। प्रणालीमार्फत प्राप्त निवेदनहरु सम्बन्धित नेपाली नियोगहरूमा पठाई आवश्यक कारबाही गरी सोको जानकारी सोही प्रणालीमार्फत सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था गरिएको छ। सो प्रणालीमार्फत विदेशमा रहेका नेपाली नागरिक वा निजका परिवारजन तथा आफन्तहरुले सिधै आफ्ना गुनासो तथा समस्याका बारेमा जानकारी गराउन र सो सम्बन्धमा सम्बन्धित नियोगबाट भएको काम कारवाहीको जानकारी लिन सक्ने व्यवस्था गर्नुका साथै समस्यामा परेका नागरिकका परिवार तथा आफन्तले विभाग, जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहमार्फत पनि निवेदन दिन सक्ने र सो सम्बन्धमा भइरहेको कारवाहीको जानकारी लिन सक्ने व्यवस्था गरिएको छ।

हाल अनलाइन कन्सुलर तथा कानूनी परामर्श प्रणाली (legal.nepalconsular.gov.np) मार्फत निम्न सेवाहरूका लागि निवेदन दिन सकिने व्यवस्था रहेको छः

- खोजतलास तथा उद्धार सम्बन्धी निवेदन
- विदेशबाट शव झिकाउने सम्बन्धी निवेदन
- विदेशमा नै दाहसंस्कार गर्ने सम्बन्धी निवेदन
- बीमा, क्षतिपूर्ति दावी सम्बन्धी निवेदन
- विविध विषयका गुनासो/समस्या सम्बन्धी निवेदन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवको कार्यालय
दर्ता नं.: ९६२२
दर्ता मिति: ०८३।२।६

साथै प्रणालीमा प्राप्त निवेदन उपर सम्बन्धित नियोगबाट भएको कारबाहीको जानकारी अद्यावधिक गरिने, आवश्यक परे सेवाग्राहीबाट थप जानकारी माग गरिने वा सेवाग्राहीलाई सुझाव प्रदान गरिने तथा समस्या समाधान भएपछि सम्बन्धित निवेदन "Complete" गर्ने व्यवस्था रहेको छ ।

सचिव

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाण्डौ नेपाल

सचिव

सेवा प्रवाहलाई अझ छिटो, सहज र प्रभावकारी बनाउन हाल सबै प्रदेश तथा जिल्ला प्रशासन कार्यालयहरूका साथै केही स्थानीय तहका पालिकाहरूलाई समेत यस प्रणालीमा आबद्ध गरी सेवा प्रदान गरिँदै आएको छ। यस सन्दर्भमा यस प्रणालीलाई सबै ७५३ वटै स्थानीय तहमा विस्तार गर्न सकिएमा स्थानीय स्तरबाटै सेवाग्राहीहरूलाई कन्सुलर सेवामा सहज पहुँच हुने भएकोले सबै स्थानीय निकायहरुलाई यस प्रणालीमा आबद्ध गर्नुपर्ने देखिएको छ।

यस प्रयोजनका लागि विभागबाट प्रत्येक स्थानीय तहलाई **Admin ID** उपलब्ध गराइनेछ। उक्त Admin ID को प्रयोग गरी पालिकाहरूले आवश्यकताअनुसार User ID सिर्जना गरी आफू अन्तर्गतका वडा कार्यालयहरूमा समेत User ID उपलब्ध गराउन र सेवाग्राहीहरूलाई सोही स्थानबाट निवेदन दर्ता गर्ने प्रबन्ध मिलाउन सक्ने व्यवस्था रहेको छ। तसर्थ, हालसम्म **Admin ID** प्राप्त नगरेका स्थानीय तहहरूले Admin ID प्राप्त गर्नका लागि सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर र आधिकारिक इमेल ठेगाना सहित विभागमा पत्र पठाउने व्यवस्थाका लागि अनुरोध छ। साथै, यस सम्बन्धमा कुनै जिज्ञासा तथा द्विविधा भएमा सम्पर्कको लागि सम्पर्क व्यक्ति तोकिएकोले सिधै सम्पर्क गर्न सकिने बेहोरा पनि अनुरोध गरेको छु।

**सम्पर्क व्यक्तिको विवरणः**
श्री अरहन्त पोखरेल, कम्प्युटर इन्जिनियर
सम्पर्क मोबाइल नं. ९७६१४६८९२२ (9761468922), इमेलः consularadmin@mofa.gov.np

साथै, प्रणालीको प्रयोगका लागि User Manual Video समेत तयार गरिएको र सो समेत **Admin ID** संगै उपलब्ध गराइने बेहोरा जानकारी गराइन्छ।

अतः परराष्ट्र मन्त्रालय अन्तरगत संचालनमा रहेको यो कन्सुलर सेवाको अनलाइन प्रणालीलाई पूर्णरूपमा उपयोग गरी सेवा प्रवाहलाई अझ बढी जवाफदेही, उत्तरदायी तथा नागरिकमैत्री बनाउन तथा सेवाग्राहीहरूले आफ्नो समस्याका सम्बन्धमा आफ्नै नजिकको निकायबाट निवेदन दिन सक्ने व्यवस्था सुनिश्चित गर्न सबै स्थानीय तहहरूलाई उक्त प्रणालीमा आबद्ध भई यसको उच्चतम प्रयोग गर्ने सुनिश्चितताका लागि सादर अनुरोध गरेको छु ।

अमृतबहादुर राई

श्री चन्द्रकला पौडेल
सचिव
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।